देवचुली नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
नवलपरासी, (बर्दघाट सुस्ता-पूर्व)
गण्डकी प्रदेश, नेपाल

विज्ञापन कर ठेक्का लगाउने सम्बन्धी अत्यन्त जरुरी सूचना

दोस्रो पटक प्रकाशित

मिति:२०७७/०९/१०

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११को उपदफा २(घ) तथा दफा ६४ को उपदफा १(ग) मा स्थानीय तहले विज्ञापन करको दर निर्धारण तथा संकलन गर्ने व्यवस्थाअनुसार यस नगरपालिकाको राजश्व परामर्श समितिको मिति २०७७/०७/१८ को निर्णय बमोजिम चालु आ.व मा न्यूनतम अंक रु १,००,०००-(अक्षरुपी एक लाख मात्र) बाट बढाबढ हुने गरी तथा आगामि आ.व मा १० प्रतिशतले कबुल रकममा वृद्धि हुने गरी आ.व ०७७/७८ र ०७८/७९ दुई आर्थिक वर्षको लागि ठेक्का बन्दोबस्त गर्न मिति:२०७७/०७/२१ मा हुलाकी पत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक सूचना प्रकाशित गरिएकोमा तोकिएको म्याद भित्र कुनैपनि सिलबन्दी बोलपत्र पेश नभएकोले पूनः यो सूचना प्रकाशित गरिएको छ। तपसिलमा तोकिएको शर्तको अधिनमा रहि ठेक्का लिन चाहाने इच्छुक फर्म तथा संस्थाले सूचना प्रकाशित मितिले ७ दिन भित्र रित पूर्वक शिलबन्दी बोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल:

१) यो सूचना प्रकाशित भएको मितिले ७औ दिन (मिति:२०७७/०९/१६) भित्र यस कार्यालयको राजश्व शाखामा रु १०००।०० तिरी कार्यालय समय सम्म बोलपत्र फाराम खरिद गर्न सकिनेछ।

२) नगरपालिका अन्तर्गत लाग्ने विज्ञापन कर नगरसभाबाट स्वीकृत आर्थिक ऐनको अनुसुचि ७ मा उल्लेख गरिएको भन्दा बढि दररेटमा कर सकंलन गर्न पाइनेछैन।

३) आफूले कवुल गर्न चाहेको ठेक्का रकम बोलपत्र फाराममा स्पष्ट अंक र अक्षरमा उल्लेख गरी सिलबन्दी बोलपत्र सूचना प्रकाशित भएको ७ औ दिनको कार्यालय समय भित्र दर्ता गरिसक्नु पर्नेछ।बोलपत्र फाराम खरिद र दर्ता गर्ने दिन सार्वजनिक बिदा पर्न गएमा सो पछिको कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिनेछ।

४) दर्ता हुन आएका सिलबन्दी बोलपत्र सूचना प्रकाशित भएको ८ औ दिन दिनको ३ बजे देवचुली नगरपालिकाको कार्यालयमा बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। सो दिन सार्वजनिक बिदा परेमा सो कार्य बिदा पछि लगत्तै कार्यालय खुलेको दिन हुनेछ। बोलपत्र दाता वा निजको प्रतिनिधि उक्त समय उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

५) सिलबन्दी बोलपत्र साथ आफूले कवुल गरेको अंकको कम्तिमा ५ प्रतिशत धरौटी रकम देवचुली नगरपालिकाको कार्यालयको नाममा रहेको एन.आई.सि एशिया बैंकको धरौटी खाता नं. ०७७२०५००२९१६५००७ मा नगदै जम्मा गरी सोको सक्कलै भौचर पेश गर्नु पर्नेछ।

६) शिलबन्दी फाराम साथ संस्था/ फर्म दर्ता तथा नविकरण प्रमाण पत्र, आ.व ०७६/७७ को कर चुक्ता प्रमाण वा म्याद थपको पत्र, मु.अ.कर दर्ता प्रमाणपत्र लगायतका कागजात पेश गर्नुपर्नेछ।

८) नगरपालिकाको हितलाई मध्यनजर गरी कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालमा सुरक्षित रहनेछ।

७) बोलपत्र दाता अनिवार्य रुपमा भ्याटमा दर्ता हुनुपर्नेछ । बोलपत्र प्रस्तावको रकममा भ्याट बाहेकको प्रस्ताव रकम हुनुपर्ने छ र भ्याट रकम स्वयम ठेकदारले नै तिर्नुपर्नेछ । कबुल रकम अंक र अक्षर दुवैमा स्पष्ट लेखिएको हुनु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

७) ठेक्का सम्बन्धी कुनै कर , शुल्क दस्तुर नेपाल सरकारलाई बुझाउनु परेमा ठेकदार आफैले बुझाउनु पर्नेछ।

८) ठेक्का स्वीकृत भएपछि कबुल रकम ठेक्का स्वीकृत भएको ७ दिन भित्र भ्याट सहित देवचुली नगरपालिकाको कार्यालयको नाममा रहेको एन.आई.सि एशिया बैंकको विभाज्य कोष खाता नं. ०७७२०५००२९१७३००२ मा जम्मा गर्नुपर्नेछ। स्वीकृत ठेकदारले रकम नबुझाएमा धरौटी बापतको रकम जफत गरी नियम अनुसार ठेक्का बन्दोबस्त गरिनेछ।

९) अन्य कुराहरु नगरपालिकाको कार्यालयमा आई बुझ्न सकिनेछ।

१०) यसमा उल्लेखित बाहेकका अन्य कुराहरु प्रचलित कानूनले तोके बमोजिम हुनेछ।

प्रमुख प्रशासकिय अधिकृत

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत